सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

सूचना सार्वजनिक गर्ने निकायको नाम :- अख्तियार दुरुपयोग अनुसन्धान आयोग

सूचना सार्वजनिक गरेको अवधि :- २०७१-४-१ देखी २०७२-१०-२९ सम्म

क. निकायको स्वरुप र प्रकृति :-

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक निकायका रुपमा वि.सं. २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन भएको हो। वि.सं. २०३२ सालमा तत्कालीन नेपालको संविधान, २०१९ को दोश्रो संसोधनले व्यवस्था गरे बमोजिम अख्तियार दुरुपयोग निवारण आयोगको स्थापना २०३४ सालमा भएको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ ले तत्कालीन अख्तियार दुरुपयोग निवारण आयोगलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रुपमा स्थापना गर्ने व्यवस्था गरे अनुरुप २०४७ साल माघ २८ गतेका दिन हालको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ तथा मिति २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले समेत यस संवैधानिक आयोगलाई निरन्तरता दिएको छ।

नेपालको संविधानको भाग २१ धारा २३८ ले संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ। संविधानको धारा २३९ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुन बमोजिम अनुसन्धान र तहकिकात गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको छ।

नेपालको संविधानको भाग २१ धारा २३८ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य चारजना आयुक्तहरू नियुक्त गर्ने प्रावधान रहेको छ। आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि छ वर्षको हुने तथा

प्रमुख आयुक्त र अन्य आयुक्तहरू ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ वमोजिम नियुक्त हाल आयोगमा प्रमुख आयुक्त र ५ जना आयुक्तहरु कार्यरत रहनुभएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू गर्ने थप दायित्व समेत सुम्पेको छ। जस अन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादित हुने गरेका छन् :

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने।
- दुष्परिणाम सच्याउन लेखी पठाउने।
- हानि नोक्सानी भरिभराउ गराउने।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू गर्ने।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने।

आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि छ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरू ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने सम्बैधानिक व्यवस्था रहेको छ।

हाल आयोगमा प्रमुख आयुक्त र ५ जना आयुक्तहरु कार्यरत रहनु भएको छ ।

नाम	पद	नियुक्ति मिति
श्री लोक मान सिंह कार्की	प्रमुख आयुक्त	२०७०।०१।२५
श्री दिप बस्न्यात	आयुक्त	२०७१।१२।१९
श्री नवीनकुमार घिमिरे	आयुक्त	२०७१।१२।१९
डा. गणेशराज जोशी	आयुक्त	२०७१।१२।१९
श्री राजनारायण पाठक	आयुक्त	२०७१।१२।१९
डा. सावित्री थापा गुरुङ्ग	आयुक्त	२०७१।१२।१९

ख. आयोगको काम, कर्तव्य र अधिकार

मिति २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानको भाग २१ धारा २३९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसारको हुने व्यवस्था गरिएको छ :

आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ। तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीहरू आयोगको कार्य क्षेत्रभित्र पर्दैनन्।

संविधानको धारा १०१ बमोजिम महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि संघीय कानुन बमोजिम आयोगले अनुसन्धान गर्न वा गराउन सक्नेछ।

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ।

अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजित गर्न सक्नेछ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानुन बमोजिम हुनेछ।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष सम्पादित कामहरुको बार्षिक प्रतिवेदन पेश गर्ने ।

ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारवाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको संगठन तालिका अनुसूची—१ मा उल्लेख गरिएको छ ।आयोगमा अनुसन्धान महाशाखाहरू—७ वटा , सम्पत्ति मूल्यांकन तथा विशेष अनुसन्धान महाशाखा, प्रहरी महाशाखा, प्रशासन महाशाखा, मुद्दा तयारी महाशाखा, बहस पैरवी महाशाखा, पुनरावेदन तथा तामेली महाशाखा, अनुगमन महाशाखा र योजना महाशाखा गरी जम्मा १५ वटा महाशाखा रहेका छन् । स्वीकृत दरबन्दीतर्फका (प्रहरी दरबन्दी समेत), पुल दरबन्दीका ४०, सवारी चालक ४३, कार्यालय सहयोगी ४३ समेत गरी जम्मा ४३० जना कर्मचारीहरूको दरवन्दी रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पाँच वटा क्षेत्रीय कार्यालयहरुमा कूल दरवन्दी २७० र पाँच वटा सम्पर्क कार्यालयहरुमा कूल दरवन्दी १२० गरी हाल आयोगमा जम्मा ८२० जना कर्मचारीहरुको दरबन्दी रहेको छ।

घ. निकायबाट प्रदान गरिने सेवा :-

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगमा परेका उजुरीहरु उपर अनुसन्धान तथा तहकिकात गरी दोषी देखीएमा त्यस्ता व्यक्तिहरुलाइ सचेत गराउन वा बिभागीय वा अन्य कारवाहीको लागि अख्तियारवाला समक्ष लेखीपठाउने व्यवस्था नेपालको अन्तरिम संविधान २०६३मा रहेकोमा २०७२ असोज ३ मा जारी नेपालको संविधानमा अनुचित कार्यको छानविन सम्बन्धी व्यवस्था हटाइएको छ ।

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा आरोपपत्र दायर गर्ने वा गराउने व्यवस्था गरिएको छ ।

ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्वेवार अधिकारी :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएका अनुचित कार्य तथा भ्रष्टाचार सम्बन्धी विभिन्न उजुरीहरुलाई मन्त्रालयगत/निकायगत रुपमा वर्गीकरण गरी तोकीएका अनुसन्धान महाशाखाहरुबाट उजुरीहरुको प्रारम्भिक छानविन तथा आवश्यकता अनुसार विस्तृत अनुसन्धान हुने।

च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र समयावधि :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ मा भएको व्यवस्था अनुसार तथा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ७ र ८ को व्यवस्था

अनुसार सम्बन्धित व्यक्तिलाई बिना मिल्ने सूचना तोकीएको शुल्क प्रति पानाको रु.५ का दरले उपलब्ध गराईने व्यवस्था रहेकोछ।

छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २३ अनुसार अनुसन्धान कार्य र सो सँग सम्बन्धित बिषयहरु अनुसन्धान अवधिभर गोप्य राख्नु पर्ने भएकोले सार्वजनिक नगरीएको। साथै मन्त्रालय/निकायहरु सँग सम्बन्धित उजुरीहरु कार्य विभाजन गरी अनुसन्धान गर्ने गरीएको ।

ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३५ग. अनुसार सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

झ. सम्पादन गरेको कामको विवरण :-

आर्थिक वर्ष २०७१/७२ मा आयोगको केन्द्र, क्षेत्रीय कार्यालयहरू र आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा समेत गरी कुल ३१,२१३ उजुरीहरूमा आर्थिक वर्ष २०७०/७१ बाट जिम्मेवारी सरेर आएका ९,७१० उजुरीहरू तथा आर्थिक वर्ष २०७१/७२ मा थप भएका २१,५०३ उजुरीहरू उपर प्रारम्भिक छानबिन भएको थियो।

आर्थिक वर्ष २०७१/७२ मा आयोगमा विभिन्न माध्यमबाट प्राप्त कुल ३१,२१३ उजुरीहरूमध्ये २१,६४८ उजुरीहरू फछ्यौंट भएका छन् । फछ्यौंट भएकामध्ये १२,०८४ उजुरीहरू प्रारम्भिक अनुसन्धानबाट तामेलीमा राखिएको छ । प्राप्त उजुरीहरूमध्ये १,२४४ उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय भएको छ भने ८,३२० उजुरीहरूमा विभिन्न किसिमको कारबाही भएको छ । यस आर्थिक वर्षमा प्राप्त उजुरी र

तिनको फछर्यौटको आधारमा आयोगको समग्र कार्यसम्पादन प्रगति करिब ७० प्रतिशत छ ।

आयोगमा प्राप्त कुल उजुरीहरूमध्ये १४,७८४ उजुरीहरू केन्द्रबाट फछर्यौट भएका छन् भने आयोगको क्षेत्रीय कार्यालयहरूबाट कुल ६,८४३ उजुरीहरू फछर्यौट भएका छन् । आर्थिक वर्ष २०७१/७२ मा आयोगको क्षेत्रीय कार्यालयहरूतर्फको उजुरी फछर्यौटको अवस्था हेर्दा पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा कुल उजुरी संख्या २,५३८ रहेकोमा १,६८७ उजुरीहरू फछर्यौट भएका छन् । त्यसैगरी मध्यमाञ्चलमा पर्न आएका कुल ३,०९५ उजुरीमध्ये १,७६७ उजुरीहरू फछर्यौट भएका र पश्चिमाञ्चलमा कुल १,८९३ उजुरीमध्ये १,०६२ उजुरीहरू फछर्यौट भएका छन् । मध्यपश्चिमाञ्चलमा कुल २,१११ उजुरीहरूमध्ये १,१९३ र सुदूरपश्चिमाञ्चलमा १,६४३ उजुरीमध्ये १,१३४ उजुरीहरू फछर्यौट भएका छन् । त्यसैगरी आयोगको प्रत्यायोजित अधिकार बमोजिम ३२ वटा जिल्ला प्रशासन कार्यालयहरूमा कुल १२१ उजुरी प्राप्त भएकोमा २१ वटा उजुरीहरू फछर्यौट भएका छन्।

आर्थिक वर्ष २०७१/७२ मा मुद्दा दर्ता गर्ने निर्णय भएका जम्मा २८४ वटा र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी दर्ता भएका १९ वटा समेत जम्मा ३०३ मुद्दा विशेष अदालतमा दायर गरिएका छन् । यसरी दायर गरिएका मुद्दामध्ये विषयगत आधारमा झुट्टा शैक्षिक प्रमाण-पत्रतर्फ ९६, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीमा १०५, घूस (रिसवत) मा ६८ तथा गैरकानुनी लाभ वा हानि पुऱ्याएबापत १८ वटा मुद्दा दायर भएका छन् । त्यसैगरी गैरकानुनी सम्पत्ति आर्जनतर्फ २, राजस्व चुहावटमा ४ र विविधतर्फ १० वटा मुद्दा दर्ता गरिएका छन् । उल्लिखित मुद्दाहरूमा कुल ९०३ जना व्यक्तिलाई प्रतिवादी बनाई मुद्दा दायर भएकोमा पुरुषको संख्या ८२८ र महिलाको संख्या ७५ रहेको छ । आर्थिक वर्ष २०७१/७२ मा आयोगबाट अभियोजन गर्न निर्णय भएका मुद्दाहरूमा जम्मा रु. १ अर्ब ३९ करोड ४० लाख १६ हजार ७१ रुपैयाँ बिगो मागदाबी लिइएको छ।

यस आर्थिक वर्षमा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी सार्वजनिक संस्था वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याएकोमा आयोगका निर्णयहरूबाट भरिभराउ भएको

रु. १ करोड १० लाख १६ हजार ९ सय ४६ रुपैयाँ रहेको छ । त्यसैगरी अनुसन्धानपछि असुल उपर हुनुपर्ने रु. २ करोड २४ लाख ४२ हजार ३ सय ६० रुपैयाँ समेत रु.३ करोड ३४ लाख ५८ हजार ५ सय ६ रुपैयाँ असुल उपरसम्बन्धी कारबाही भएको छ ।

आर्थिक वर्ष २०७१/७२ मा आयोगबाट भएको कारबाही र पहलस्वरूप उपत्यकाभित्रको ०-१३-०-० रोपनी र उपत्यका बाहिरको ६५७-९-३-० रोपनी गरी कुल ६५८-६-३-० रोपनी सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्न निर्णय भई लेखी पठाइएको छ । आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७१/७२ मा १०८ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ । दायर गरिएका मुद्दाहरूमध्ये फैसला प्राप्त भएका मुद्दाहरूमा करिब ८२ प्रतिशतमा आयोगलाई सफलता प्राप्त भएको छ ।

आर्थिक वर्ष २०७२/७३ को पौष मसान्तसम्ममा १६२५२ उजुरीहरु उपर अनुसन्धान भइरहेकोमा ६४७६ उजुरीहरु फछर्यौट भएका छन् । फछर्यौट मध्ये यस अवधिमा १८५ उजुरीहरु उपर विस्तृत अनुसन्धान भईरहेको, ४०४५ उजुरीहरु तामेलीमा गएको, ८७३ उजुरीहरु आवश्यक कारवाहीका लागी अन्य कार्यालयहरुमा पठाइएको र १३६२ उजुरीहरु आवश्यक कारवाहीका लागी सम्बन्धित निकायमा पठाइएको छ । यसका साथै आर्थिक वर्ष २०७२/७३ को पौष मसान्तसम्ममा २४८ उजुरीहरु उपर विस्तृत अनुसन्धान सम्पन्न भई ४४ वटा आरोपपत्रहरु विशेष अदालतमा दर्ता गरीएको र यसमा ६० जना पुरुषहरु तथा ६ जना महिलाहरुलाई प्रतिवादी बनाइ रु ६७४६८१९०/४३ बराबरको विगो मागदावी लिइएको छ ।

निरोधात्मक तथा प्रवर्द्धनात्मक रणनीति अन्तर्गतका कार्यहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ख. को उपदफा (२) मा भ्रष्टाचार तथा अनुचित कार्य हुन नदिनका लागि निरोधात्मक उपायहरूको खोजी, अनुसन्धान र प्रक्रिया विकास तथा तत्सम्बन्धमा जानकारी अभिवृद्धि गर्न आयोगले

आवश्यक ठानेका प्रवर्द्धनात्मक कार्यहरू गर्नसक्ने व्यवस्था छ । यसै अनुरूप आयोगले विभिन्न गतिविधिहरू संचालन गर्दै आएको छ ।

निरोधात्मक रणनीति

निरोधात्मक उपाय अन्तर्गत आयोगले भ्रष्टाचारको जोखिपूर्ण क्षेत्र तथा विद्यमान पद्धतिमा भ्रष्टाचारका प्रमुख कारणहरूको पहिचानमा जोड दिने, भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सरकारले अपनाउनुपर्ने उपायहरूका बारे सरकारलाई नीतिगत सुझाव दिने र भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निकायहरूबाट सम्पादन हुने प्रयासहरूबीच समन्वय र तिनको अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरू गर्दै

आएको छ ।

आयोगकै पहलस्वरूप व्यावसायिक र संगठित क्षेत्रको आचारसंहिता तर्जुमा गरी लागू गराउने प्रयत्न भएको छ । विभिन्न मन्त्रालय र केन्द्रीय निकायहरूमा गठित सम्पर्क विन्दु (Focal Points) मार्फत आचार संहिताको नियमित अनुगमन गर्ने कार्यको प्रारम्भ भएको छ। राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनलाई चुस्त तुल्याउन आवधिक अनुगमन गर्ने पद्धतिको शुरुवात भएको छ ।

स्थलगत रूपमै विभिन्न अनुसन्धान टोलीहरू परिचालन गरी भ्रष्टाचार विरुद्धको अनुगमनलाई परिणाममुखी तुल्याउने विषयमा पनि आयोग सक्रिय रहँदै आएको छ । यसका लागि क्षेत्रीय र सम्पर्क कार्यालयहरूलाई विशेष रूपमा परिचालित गरिएको छ । सार्वजनिक निकायहरूमा कार्य संचालन कार्यविधि (Standard Operational Procedures) तयार गर्न लगाउने र कार्यसम्पादन दिग्दर्शन, कार्यविधि वा विनियम बनाई कार्यसम्पादनलाई सरलीकरण गर्न लगाउने विषयमा पनि आयोगले जोड दिँदै आएको छ ।

नागरिक सेवा प्रवाह तथा सार्वजनिक सरोकारका विषयमा सार्वजनिक निकाय र पदाधिकारीहरूबाट सम्पादित कार्यको प्रभावकारिताका लागि सम्बद्ध निकायका जिम्मेवार पदाधिकारीहरूसँग समन्वय बैठकहरू आयोजना गरिएका छन् । आयोगका माननीय

प्रमुख आयुक्त र माननीय अधिकृत्यहरूको समुपस्थितिमा विभिन्न निकायहरूबाट प्रवाहित सेवाको अवस्था, समस्या तथा चुनौतीहरू एवं समाधानका उपायहरूबारे छलफल गरी सहजीकरण र समन्वय जस्ता पक्षमा सुधार भई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सहायकसिद्ध भएको पाइएको छ । आयोगका पदाधिकारीहरूको संयोजकत्व र सम्बद्ध निकायका जिम्मेवार पदाधिकारीको उपस्थितिमा आर्थिक वर्ष २०७१/७२ मा देहाय बमोजिमका समन्वय बैठक बसी सम्बद्ध निकायहरूमा सुझाव लेखी पठाइएको छ-

मिति २०७१/५/२५ मा सशस्त्र प्रहरी र नेपाल प्रहरीका कर्मचारीहरूको रासन व्यवस्थाका सम्बन्धमा गृह र अर्थ मन्त्रालयका सचिव, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षक तथा सम्बद्ध पदाधिकारीहरू समेतको उपस्थितिमा आयोगमा छलफल भई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ बमोजिम समितिले निर्धारण गरेको दररेट अनुसारको रकम निकासाको व्यवस्था गरी गण, गुल्म र तालिम केन्द्रहरूमा रही रासन खानेहरूको लागि आन्तरिक व्यवस्था गर्ने र अन्यका हकमा सम्बन्धित समितिले तोकेको दररेट बमोजिम मासिक नगदै भुक्तानी दिने व्यवस्था गर्ने ।

मिति २०७१/५/२५ मा वन पैदावार निकासी र व्यवस्थापन सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालय र नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघका पदाधिकारीहरूको उपस्थितिमा छलफल गरी प्रचलित कानुनको परिधिभित्र रही त्यस्ता व्यवसायहरूको अनुमति, स्वीकृति गर्न तथा व्यवसायीहरूले पनि सोही अनुरूप कार्य संचालन गर्ने ।

मिति २०७२/१/७ मा बजार अनुगमन तथा सेवा प्रवाहमा प्रभावकारिताका विषयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव र उच्चपदस्थ कर्मचारीहरूबीच छलफल भई वस्तुको आपूर्तिमा कृत्रिम अभाव, अनावश्यक मूल्य वृद्धि, एकाधिकार लगायतका प्रवृत्ति नियन्त्रणका लागि बजार अनुगमन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

मिति २०७२/१/८ मा सिंचाइ आयोजना निर्माण र व्यवस्थापनमा सुधारसम्बन्धी विषयमा सिंचाइ मन्त्रालय र सिंचाइ विभागका उच्चपदस्थ कर्मचारीहरूको उपस्थितिमा आयोजनाहरू समयमा नै सम्पन्न गर्ने तथा आयोगमा परेका उजुरी र गुनासाहरूको सम्बन्धमा तोकिएको समयमा माग गरिए बमोजिम राय, प्रतिक्रिया तथा जवाफ उपलब्ध गराउने ।

मिति २०७२/१/२४ मा वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत निकायका जिम्मेवार पदाधिकारीहरूको उपस्थितिमा विनाशकारी भूकम्पबाट वन क्षेत्रमा भएको क्षति यकिन गर्ने तथा वन क्षेत्रमा सुकेका ढलेपढेका रूख तथा काठपात समयमा नै उठाउने व्यवस्था गर्ने ।

मिति २०७२/२/१८ मा कृषि विकास मन्त्रालय र मातहत निकायका जिम्मेवार पदाधिकारीहरू समेतको उपस्थितिमा मन्त्रालय र मातहत निकायहरूको विरुद्धमा आयोगमा परेका उजुरी तथा ती निकायबाट प्रवाह हुने सेवाको प्रभावकारिता अभिवृद्धिसम्बन्धी विषयमा छलफल गरी मन्त्रालय र मातहत निकायहरूको सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

मिति २०७२/१/२५ मा सहरी विकास मन्त्रालय र अन्तर्गत विभागका जिम्मेवार पदाधिकारीहरूको उपस्थितिमा वैशाख १२ को विनाशकारी भूकम्पपछि काठमाडौं उपत्यकाका अपार्टमेन्टहरूमा परेको असरका सम्बन्धमा खरिदकर्ता, निर्माणकर्ता एवं वरपरका बासिन्दाको अवस्थाबारे छलफल गरी भूकम्पबाट अपार्टमेण्ट व्यवसायमा परेको असरका बारेमा विस्तृत जानकारी लिने र आगामी दिनमा अवलम्बन गर्नुपर्ने उपयुक्त कार्यनीति तय गर्ने ।

मिति २०७२/२/३२ मा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूका प्रमुख तथा पदाधिकारीहरूको उपस्थितिमा मन्त्रालय र मातहत निकायहरूको विरुद्धमा आयोगमा परेका उजुरी तथा ती निकायबाट प्रवाह हुने सेवाको प्रभावकारिता अभिवृद्धिसम्बन्धी विषयमा छलफल गरी मन्त्रालय र मातहत निकायहरूको विरुद्ध परेका उजुरीहरूबारे समयमा नै कागजात र प्रतिक्रिया उपलब्ध गराउने तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

मिति २०७१/३/१६ मा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूका पदाधिकारीहरूको उपस्थितिमा सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि तथा नतिजामुखी अनुगमन र मूल्यांकन प्रणाली विकासबारे छलफल गरी मन्त्रालय र मातहत

निकायको सेवा प्रवाह गुणस्तरीय बनाउने तथा अनुगमन र मूल्यांकनबाट देखिएका कमी कमजोरीहरूको आधारमा भविष्यको योजना तर्जुमा गर्ने ।

मिति २०७२/३/२० मा कृषि विकास मन्त्रालय र मातहत निकायका जिम्मेवार पदाधिकारीहरूको उपस्थितिमा मल खरिदसम्बन्धी विषयमा छलफल गरी रासायनिक मल खरिद प्रक्रियालाई पारदर्शी, प्रभावकारी र मितव्ययी बनाउने ।

प्रवर्द्धनात्मक रणनीति

प्रवर्द्धनात्मक रणनीति अन्तर्गत भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया, छलफल र गोष्ठी तथा सामुदायिक शिक्षासम्बन्धी कार्यक्रमहरू संचालन गरिएको छ । भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री तयार गर्ने, पत्रपत्रिका तथा एफ.एम. रेडियो समेतबाट सन्देशमूलक सूचनाहरू प्रकाशन र प्रसारण गर्ने, ब्रोस्योर एवम् पोष्टर र पम्प्लेट जस्ता सामग्रीको छपाइ तथा वितरण गर्ने र नियमित रूपमा भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहरू समावेश भएका पुस्तिकाहरू प्रकाशन गर्ने कार्य हुँदै आएका छन् ।

आयोगले भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशिष्ट व्यक्तिहरूलाई पुरस्कृत र सम्मान गर्ने नीति कार्यान्वयन गर्दै आएको छ । यसका अतिरिक्त भ्रष्टाचारविरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरूलाई आयोगले उल्लास र विशेष भव्यताका साथ सम्पन्न गर्ने अभ्यासको थालनी गरेको छ ।

अन्तरक्रिया र छलफल

प्रवर्द्धनात्मक उपाय अन्तर्गत आयोगको क्षेत्रीय कार्यालयहरूको संयोजनमा विभिन्न जिल्लाका कार्यालय प्रमुखहरू, नागरिक समाज, संचारकर्मी, गैरसरकारी संघसंस्था, उद्योग वाणिज्य संघका प्रतिनिधि, कानुन व्यवसायी लगायत समाजका अगुवा समेतको सहभागितामा विभिन्न मितिमा अन्तरक्रिया तथा छलफल कार्यक्रम गरिएका छन् । आर्थिक वर्ष २०७१/७२ मा संचालन भएका कार्यक्रम निम्नानुसार छन् :

क्र. सं.	कार्यक्रम सञ्चालन गर्ने निकाय	कार्यक्रम सञ्चालन भएका जिल्लाहरू	कार्यक्रम संख्या	जम्मा सहभागी संख्या
१	पूर्वाञ्चल क्षेत्रीय कार्यालय, धनकुटा	इलाम, पाँचथर, ताप्लेजुङ, मोरङ, धनकुटा, भोजपुर, संखुवासभा, सप्तरी, झापा र तेह्रथुम	६	६५२
२	पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा	लमजुङ, गोरखा, तनहुँ, म्याग्दी, पर्वत, स्याङ्जा, पाल्पा, गुल्मी, बाग्लुङ, अर्घाखाँची, मुस्ताङ, कास्की, रुपन्देही	१५	१०६०
३	मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, सुर्खेत	सुर्खेत, दैलेख, बर्दिया, दाङ, जुम्ला, कालिकोट, रोल्पा, प्युठान, जाजरकोट, कोहलपुर, घोराही, रुकुम, मुगु, डोल्पा र हुम्ला	१९	१८७७
४	सुदुर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, दिपायल	कैलाली, बैतडी, कन्चनपुर, अछाम, बाजुरा, दार्चुला, डडेलधुरा, डोटी र बझाङ	१०	७३३
५	मध्यमाञ्चल क्षेत्रीय कार्यालय, हेटौंडा	काभ्रेपलान्चोक, सर्लाही, महोत्तरी, सिन्धुली, रामेछाप, रौतहट, धादिङ, धनुषा, चितवन, नुवाकोट, रसुवा, पर्सा र बारा	१३	८०७

सामुदायिक शिक्षा

आयोगले आर्थिक वर्ष २०६४/६५ देखि भ्रष्टाचारविरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ। खासगरी उच्च माध्यमिक विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थी र शिक्षकहरूलाई लक्षित गरी संचालित यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७१/७२ मा निम्नानुसारका कार्यक्रमहरू संचालन भएका छन् :

क्र.सं.	कार्यक्रम सञ्चालन गर्ने निकाय	कार्यक्रम सञ्चालन भएका स्थान	जम्मा सहभागी संख्या
१	पूर्वाञ्चल क्षेत्रीय कार्यालय, धनकुटा	- हिमालय उ.मा.वि, झापा - सुकुना उ.मा.वि.मोरङ - भा.सि.उ.मा.वि.सुनसरी - शंकर उ.मा.वि.सप्तरी - जाल्पादेवी उ.मा.वि, धनकुटा - बसन्त उ.मा.वि.तेह्रथुम	६५४
२	पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा	- भक्ति नमुना उ.मा.वि. लमजुङ - सरस्वती उ.मा.वि., गोरखा - शिवालय नमुना उ.मा.वि., पर्वत	१०००

क्र.सं.	कार्यक्रम सञ्चालन गर्ने निकाय	कार्यक्रम सञ्चालन भएका स्थान	जम्मा सहभागी संख्या
		- जनवोध उ.मा.वि., पाल्पा - जनवोध उ.मा.वि., गुल्मी - विद्यामन्दिर उ.मा.वि., बागलुङ	
३	मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, सुर्खेत	- नारायण क्याम्पस, दैलेख - बबई बहुमुखी क्याम्पस, वर्दिया - शितल क्याम्पस, रुकुम - विजया उ.मा.वि., दैलेख - चन्दननाथ उ.मा.वि., जुम्ला	५९२
४	सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, दिपायल	- जनता मा.वि., बैतडी - कृष्ण उ.मा.वि., कन्चनपुर	२५०
५	मध्यमाञ्चल क्षेत्रीय कार्यालय, हेटौंडा	- कलैया, जनकपुरधाम, जलेश्वर र गौरका विभिन्न विद्यालयका विद्यार्थीहरू । - भरतपुर र हेटौंडाका स्थानीय निकायका १४० जना गा.वि.स.सचिवहरू ।	३२४

यसका साथै आ.ब. २०७२/७३ को पौष मसान्त सम्ममा आयोगका क्षेत्रीय तथा संपर्क कार्यालयहरु मार्फत भ्रष्टाचार विरुद्ध जनचेतना मूलक १९ वटा सामुदायिक शिक्षा कार्यक्रम तथा २० वटा अन्तरकृया गोष्ठी आयोजना गरिएको छ । रेडियो तथा एफ.एम. मार्फत भ्रष्टाचार नियन्त्रण सम्बन्धी चेतनामूलक सूचनाहरु प्रशारण गरिएको छ ।

सम्पर्क विन्दु (Focal Point) बैठक

आयोगबाट भएका निर्णयहरू कार्यान्वयनको समीक्षा गर्न तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी समसामयिक विषयहरूमा विभिन्न मन्त्रालय र निकायका सम्पर्क विन्दुको रूपमा तोकिएका जिम्मेवार पदाधिकारीहरूसँग नियमित रूपमा बैठकको आयोजना हुने गरेको छ । आर्थिक वर्ष २०७१/७२ मा यस प्रकारका आठ वटा बैठकहरू सम्पन्न भएका छन् । यसै गरी आ.ब. २०७२/७३ को पौष मसान्त सम्ममा विभिन्न मन्त्रालय/निकायहरु विच समन्वय गर्न १२ पटक फोकल प्वाइन्ट बैठकहरु सम्पन्न भएका छन् ।

जानकारी एवम् सन्देशमूलक सूचना प्रकाशन र प्रशारण

आयोगले आफ्नो वेभपेज, फेसबुक तथा ट्वीटरको माध्यमबाट एवं आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूबाट आ-आफ्ना कार्य क्षेत्रका स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियोहरू मार्फत भ्रष्टाचारका विरुद्धमा जनमत सिर्जना गर्ने उद्देश्यले विभिन्न सन्देशमूलक सूचनाहरू प्रशारण गर्ने गरेको छ । यसका अतिरिक्त आयोगका गतिविधिहरू समेटी बुलेटिन र ब्रोस्यौर प्रकाशन गर्ने गरिएको छ । भ्रष्टाचार विरोधी जनचेतना अभिवृद्धि गर्न विभिन्न प्रकारका प्रचार सामग्रीहरू प्रकाशन गरी वितरण समेत गर्ने गरिएको छ ।

कार्यसम्पादनबाट अनुभव गरिएका विषय र आयोगको आगामी कार्यदिशा

आधुनिक प्रविधि र सूचना संजालको विकास एवम् विस्तारले भ्रष्टाचारको स्वरूप पहिचान गर्ने, यसको संजालीकरण बुझ्ने तथा अनुसन्धान, तहकिकात र अभियोजन गर्ने विषय चुनौतीपूर्ण हुँदै गएको छ । आम नागरिकमा सुशासनप्रतिको अभिलाषा र अपेक्षा वृद्धि भएसँगै आयोगले आगामी दिनमा थप सशक्तता र सक्रियताका साथ कार्यसम्पादन गर्नुपर्ने टड्कारो आवश्यकता छ । भ्रष्टाचारजन्य र अनुचित कार्य नियन्त्रणको दिशामा आयोगले विगतदेखि अवलम्बन गरेका नीति, रणनीति र प्रयासहरूको प्रभाव र उपादेयताको विश्लेषण गरी आगामी कार्यदिशा तय गर्नु सान्दर्भिक हुन्छ । त्यसैले विगतका कामकारबाहीहरूबाट पाठ सिक्दै आयोगका सामु रहेका विभिन्न चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्न विद्यमान कार्य सम्पादन प्रक्रियालाई अझ प्रभावकारी तथा व्यवस्थित बनाउने दिशामा आयोगले आगामी दिनमा निम्न बमोजिमका कार्यहरू प्रारम्भ गर्नेतर्फ अग्रसरता देखाएको छ ।

अनुसन्धान तथा अभिलेख व्यवस्थापनका लागि सूचना र प्रविधि (Information Technology) को उपयोगमा जोड

अनुसन्धान र तहकिकात कार्यलाई तथ्यपरक र वैज्ञानिक बनाउन तथा अभिलेख व्यवस्थापनलाई दुरुस्त राख्न सूचना र प्रविधिको उपयोगमा जोड दिनुपर्ने महसुस गरिएको छ । आयोगको कार्य प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनीय, व्यवस्थित र पारदर्शी बनाउन एवम् न्यून जनशक्तिबाट अधिकतम प्रतिफल प्राप्त गर्न र सुपरिवेक्षक, पुनरावलोकनकर्ता र निर्णयकर्ताको समेत पहुँच स्थापना गरी अनुगमनलाई प्रभावकारी बनाउन प्रयास गरिएको

छ । प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखी आयोगमा कागजको कम प्रयोग गर्ने (Less paper in CIAA) र क्रमशः पूर्ण स्वचालित पद्धतिको स्थापना गरी Paperless CIAA बनाउने सम्बन्धमा अवधारणापत्र तयार गरी कार्यान्वयन गर्ने चरणमा रहेको छ ।

तथ्यपूर्ण सूचनामा आधारित अनुसन्धान प्रणाली (Intelligence-based Investigation-System (IBIS) को अभिवृद्धि गर्ने

अनुसन्धान कार्यलाई तथ्यपरक र वस्तुनिष्ठ बनाउन सूचनाको संकलन, विश्लेषण र प्रवाहलाई वैज्ञानिक र भरपर्दो बनाउनुपर्ने देखिएको छ । भ्रष्टाचारसम्बन्धी विषयको अनुसन्धान, तहकिकात र अभियोजन कार्यलाई नतिजामुखी बनाउन तथ्यपूर्ण सूचनाको प्राप्ति र उपयोगलाई ध्यानमा राखी अनुसन्धान कार्य संचालन हुन आवश्यक छ । यसका लागि Intelligence-based Investigation System (IBIS) को माध्यमबाट सूत्र परिचालन गर्ने र संकलित तथ्यहरूको प्रशोधन र विश्लेषण गरी सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले गर्ने वा गर्नसक्ने अनुचित वा भ्रष्टाचारजन्य कार्यसम्बन्धी विषयमा निष्कर्षमा पुग्न सहज हुने देखिन्छ । अनुसन्धान कार्यबाट सकारात्मक नतिजा हासिल गर्नका लागि उन्नत तथा आधुनिक प्रविधि र उपकरण एवम् आवश्यक विशेषज्ञताको संयोजन हुनु उपयुक्त देखिएको छ । यो पद्धतिको माध्यमबाट अनुसन्धानको लागि भरपर्दो र प्रभावकारी तथ्य संकलन हुनुका साथै अनुसन्धानमा लाग्ने समय समेत घट्न जानेछ ।

भ्रष्टाचारका विविध आयामहरूको बारेमा अध्ययन तथा अनुसन्धान गरी भविष्यको नीति, योजना एवं रणनीतिहरू निर्माण गर्न Research & Development का कामहरू नियमित संचालन गर्नुपर्ने हुन्छ । भ्रष्टाचारका जटिल तौरतरिका र प्रविधिमा आएको परिवर्तनले अनुसन्धान कार्यमा चुनौती थपेको कारण परम्परागत अनुसन्धानको सट्टा नयाँ प्रविधि (Innovative tools, technology and techniques) को उपयोगमा जोड दिइएको छ ।

भ्रष्टाचार व्याप्त क्षेत्र र विषयको पहिचान र आवश्यकता अनुसार हस्तक्षेप (Identification of Corruption-prone Zone and Required Intervention) गर्ने

भ्रष्टाचारको दृष्टिले सम्भावित जोखिमका क्षेत्र र विषय पहिचान गरी ती क्षेत्रहरूमा अनुगमन तथा अनुसन्धान कार्यलाई सघन र विस्तारित बनाउन ती क्षेत्रको पहिचानसम्बन्धी अध्ययन एवम् अनुसन्धान (Research and Study) गर्नुपर्ने देखिएको छ । अध्ययन र अनुसन्धानबाट प्राप्त नतिजाको आधारमा भ्रष्टाचारका जोखिमपूर्ण क्षेत्रहरूको पहिचान र विश्लेषण गरी त्यसको रोकथाम र नियन्त्रणका लागि रणनीतिक कार्यक्रम तय गर्ने पहल भइरहेको छ ।

आयोगका कर्मचारीको आचारसंहिता पुनरावलोकन तथा पुनर्लेखन गर्ने

आयोगमा कार्यरत जनशक्तिलाई थप अनुशासित, नैतिकवान र जवाफदेही बनाउन हालको आचारसंहितालाई परिमार्जन गर्ने प्रयास भइरहेको छ । परिवर्तित सन्दर्भ र आयोगको गरिमा अनुरूप आयोगका पदाधिकारी र कर्मचारीहरूलाई अनुशासित र मर्यादित बनाउन विद्यमान आचारसंहितामा पुनरावलोकन सहित आवश्यक विषयहरू थप गरी कार्यान्वयन गरिनेछ ।

संगठन तथा दरबन्दी पुनर्संरचना (O& M Survey) गर्ने

आगामी दिनमा आयोगलाई सुम्पिएको जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न विद्यमान संगठन संरचनामा पुनरावलोकन गर्नुपर्ने आवश्यकता छ । संवैधानिक व्यवस्था अनरूप आयोगको कार्यक्षेत्र र संघीय राज्य संरचना समेतलाई ध्यानमा राखी आयोग र अन्तर्गतको संगठन तथा दरबन्दीको पुनर्संरचनाका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कार्यान्वयन गर्ने तयारी भइरहेको छ ।

जनशक्ति क्षमता मूल्यांकन (Human Resources Capacity Assessment) गर्ने

आयोगको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामूलक बनाउन कार्यरत जनशक्तिको क्षमताको महत्तम उपयोग गर्ने तथा क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ। आयोगका कामकारबाहीलाई नतिजामुखी बनाई अनुभूतियोग्य प्रतिफल प्राप्त गर्न

कार्यरत जनशक्तिको क्षमता मूल्यांकन (Capacity Assessment) एवम् क्षमता अभिवृद्धिका लागि आवश्यकताको पहिचान (Need Assessment) गरी सोही आधारमा मानव संशाधन विकास (Human Resource Development) को नवीन अवधारणा सहितको कार्ययोजना तयार गरी कार्यान्वयन गरिने सोच राखिएको छ ।

भ्रष्टाचार रोकथामका लागि प्रवर्द्धनात्मक एवम् निरोधात्मक कार्य गर्ने

भ्रष्टाचार नियन्त्रणमार्फत सुशासन प्रवर्द्धन गर्ने ध्येयले आयोगले अवलम्बन गर्ने प्रवर्द्धननात्मक र निरोधात्मक रणनीतिलाई थप विस्तारित र प्रभावकारी रूपमा संचालन गर्न नियोजित र समन्वयात्मक प्रयासहरू गर्नुपर्ने देखिएको छ । त्यसैले यी विषयलाई थप प्रभावकारी बनाउन विभिन्न मुलुकका अभ्यास समेतको सैद्धान्तिक अध्ययनबाट हाम्रो परिवेश अनुकूल उपयुक्त क्रियाकलापहरूको पहिचान गरी कार्यान्वयन गरिने प्रयास गरिएको छ ।

अभियोजन नीति (Prosecution Policy) तयार गर्ने

अनुसन्धान, तहकिकात र अभियोजनसम्बन्धी कार्यलाई मार्गदर्शन गर्ने उद्देश्यले अभियोजन नीति तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ । आयोगबाट हुने निर्णयमा एकरूपता कायम गर्न, निर्णयमा हुन सक्ने विरोधाभाषको अन्त्य गर्न र कसुरको गम्भीरता र दण्डको स्तरबीच सामञ्जस्यता कायम गर्न समेत अभियोजन नीति आवश्यक देखिन्छ । त्यसैले अन्य मुलुकहरूले अवलम्बन गरेका पद्धति र अभ्यासहरू समेत विश्लेषण गरी नेपालको विद्यमान कानुन, अभ्यास र प्रतिपादित सिद्धान्तलाई मध्यनजर राखी अभियोजन नीति तयार गरी कार्यान्वयन गर्ने प्रयास भइरहेको छ ।

अदालतका फैसलाहरूको अध्ययन र विष्लेशण गर्ने

अदालतद्वारा भएका फैसलाहरूको अध्ययन विश्लेषण गर्ने तथा सवल र दुर्बल पक्षहरूको पहिचान गरी आगामी दिनमा गर्नुपर्ने सुधारका विषयहरू बोध गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । मुद्दा तयारी, बहस पैरवी र अनुसन्धान प्रक्रियालाई अझ सुदृढ र व्यवस्थित बनाई अधिकतम सफलता प्राप्त गर्न अदालतबाट भएका फैसलाहरूको अध्ययन

गर्नु आवश्यक देखिएको छ। सर्वोच्च अदालत र विशेष अदालतबाट भएका महत्वपूर्ण फैसलाहरूको संकलन गरी प्रकाशन गर्ने र हालसम्म आयोगले सफलता प्राप्त गरेका फैसलाका सकारात्मक पक्षहरूको अध्ययन विश्लेषण गरी दस्तावेज तयार गरी कार्यान्वयन गर्ने प्रयास भइरहेको छ ।

अख्तियार दिग्दर्शन निर्माण (Operational Manual) गर्ने

भ्रष्टाचारजन्य र अनुचित कार्यउपर अनुसन्धान र तहकिकातमा संलग्न अनुसन्धान अधिकृतहरूलाई सहजीकरण गर्ने र निर्णय प्रक्रियालाई थप सरलीकृत र समन्वित तुल्याउन एकीकृत दस्तावेजका रूपमा अख्तियार दिग्दर्शन (Manual) निर्माण गर्न उपयुक्त देखिन्छ । त्यसैले सान्दर्भिक कानुनहरू, कार्यविधिहरू, निर्देशिकाहरू एवम् मार्गदर्शन, आयोगबाट भएका नीतिगत परिपत्रहरू र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र नजिरहरू समेत समावेश गरी दिग्दर्शन तयार गरिने योजना छ ।

राष्ट्रिय गौरवका आयोजनाको सहजीकरण र समन्वय गर्ने

राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण र संचालनमा सहजीकरण गर्ने र गुणस्तर कायम गर्ने उद्देश्यले आयोगले समन्वयको पहल गरेको छ । यस क्रममा सम्बद्ध आयोजना प्रमुख लगायत जिम्मेवार पदाधिकारीहरूसँग छलफल गरी आयोजना कार्यान्वयनको अवस्थाबारे जानकारी लिने तथा कार्यान्वयनको क्रममा देखिएका समस्याहरू समाधान गर्न पहल गर्ने एवम् विभिन्न निकायहरूबीच समन्वयका प्रयासहरू भएका छन्।

तालिम कार्यक्रम

कर्मचारीको क्षमता अभिबृद्दि आयोगको ६ वर्षे रणनीतिक उदेश्यको एक महत्वपूर्ण पक्ष हो। कुनै पनि संगठनको लक्ष्य प्राप्तिमा मानवीय पूँजीको (Human capital) अहंम भुमिका रहने कुरामा आयोग सचेत छ । यसर्थ आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्दिमा आयोगले जोड दिएको छ । आ.ब. २०७१/७२ मा आयोगको केही महत्वपूर्ण क्षमता अभिबृद्धि सम्बन्धी गतिविधिहरु देहायबमोजिम रहेका छन् ।

केन्द्रीय कार्यालयमा विभिन्न १० वटा तालिम कार्यक्रमहरु संचालन भए । ति कार्यक्रमहरुमा आयोगको केन्द्र, क्षेत्र तथा सम्पर्क कार्यालयमा कार्यरत कुल २५४ जना कर्मचारीहरुले तालिममा सहभागि हुने अवसर प्राप्त गरेका थिए । सोमध्ये २ वटा तालिम सहायक कर्मचारीहरुको लागि र बांकी ८ वटा तालिमहरु नवआगन्तुक अधिकृत स्तरका कर्मचारीहरुको लागि सञ्चालन भएका थिए जसमा ३ वटा अभिमुखिकरण, २ आधारभुत र ३ वटा विषयगत अनुसन्धानमुलक तालिमहरु संचालन भएका थिए । भुमि प्रशासन, बैंकिंग र सार्वजनिक खरिद गरी ३ वटा विषयगत तालिम UNDP Prepere Project को सहकार्यमा संचालन गरिएका थिए ।

आयोगको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल भ्रमणमा आएको Malaysian Anti-Corruption Academy, MACA तथा Malaysian Anti-Corruption Commission, MACC का उच्च पदाधिकारीहरुको तर्फबाट Expert, Mr. Rosnan bin Md Ali, Head of Prosecution School of MACA ले १५ देखि १७ डिसेम्वर, २०१४ सम्म आयोगका २८ जना अनुसन्धान अधिकृतहरुलाई Quality Investigation and Prosecution विषयमा प्रशिक्षण प्रदान गर्नु भएको थियो ।

आयोगको पूर्वान्चल क्षेत्रीय कार्यालय, धनकुटाले क्षेत्र तथा सम्पर्क कार्यालयका ३२ जना कर्मचारीहरुको लागि कम्प्युटर सम्बन्धी तालिम, ५२ जना कर्मचारीहरूको लागि अनुसन्धान सम्बन्धी तालिम कार्यक्रम संचालन गरेको छ ।

आयोगको मध्यमान्चल क्षेत्रीय कार्यालय, हेटौंडाले क्षेत्र तथा सम्पर्क कार्यालय, बर्दिवासमा कार्यरत अनुसन्धान अधिकृत तथा सहायक कर्मचारीहरु गरी २६ जनाको लागि अनुसन्धान सम्बन्धी ३ दिने तालिम संचालन गरेको छ ।

आयोगको पश्चिमान्चल क्षेत्रीय कार्यालय, पोखराले यस अवधिमा सम्पर्क कार्यालयमा कार्यरत समेत जम्मा ४८ जना कर्मचारीहरुको लागि अनुसन्धान सम्बन्धी तालिम कार्यक्रम संचालन गरेको छ ।

आयोगको मध्यपश्चिमान्चल क्षेत्रीय कार्यालय, सुर्खेतबाट अनुसन्धान अधिकृत तथा सहायक कर्मचारीहरु गरी ८१ जनाको लागि अनुसन्धान सम्बन्धी ३ वटा तालिम संचालन भएका छन् ।

यसै गरी मलेशियाको Malaysia Anti Corruption Academy, (MACA) मा ३३ जना कर्मचारीहरुलाई Corruption and Financial Investigation Methodology Training विषयक एक हसे तालिममा सहाभागिता गराइएको छ ।

यसै गरी २ जना अधिकृतहरुलाई २ हप्ताको लागि सम्पत्ति शुध्दिकरण सम्बन्धी तालिममा सहभागी गराइएको छ ।

ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७१/३/१९ को (सचिवस्तर) निर्णयानुसार सूचना अधिकारीको रुपमा आयोगका **उप-सचिव श्री केशवप्रसाद घिमिरे** कार्यरत रहनुभएको छ। आयोगका सूचना अधिकारीको सम्पर्क टेलिफोन नं. **९८५११७५९८३** रहेको छ ।

आयोगका पाँच वटा क्षेत्रीय कार्यालयहरुका सूचना अधिकारीहरुको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ ।

कार्यालयको नाम	सूचना अधिकारीको नाम	सम्पर्क टेलिफोन नं.
अ.दु.अ.आ. क्षे.का. धनकुटा	उपसचिव- श्री पुष्कर्राज नेपाल	९८५१०७३३८३
अ.दु.अ.आ. क्षे.का. हेटौडा	उपसचिव-श्री नरेन्द्र प्रसाद भट्टराई	९८४१२५११२४
अ.दु.अ.आ. क्षे.का. पोखरा	उपसचिव-श्री विष्णु प्रसाद रेग्मी	९८४६०३९४७४
अ.दु.अ.आ. क्षे.का. सुर्खेत	उपसचिव-श्री जंग बहादुर डाँगी	९८५११९०१६५
अ.दु.अ.आ. क्षे.का. दिपायल	प्र.ना.उ.-श्री जनकराज पाण्डे	९८६८५२५८८८

ट. ऐन,नियम, विनियम को निर्देशिकाको सूची :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि,२०७०

भ्रष्टाचार निवारण ऐन,२०५९

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आचारसंहिता,२०७०

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

विशेष अदालत ऐन, २०५९

मुलुकी ऐन,२०२०

नेपालको संविधान

ठ. आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :-

आर्थिक बर्ष २०७१/७२ को कूल वजेट तथा कूल खर्च

बजेट उपशिर्षक	वजेट शिर्षक	कूल बार्षिक बजेट	कूल बार्षिक खर्च
संस्थागत सुदृढिकरण २०६१०१३/१४	पुँजिगत	२५४२५८५००/-	२४३५३३३८८/-
	चालु	४७६७०००६३/-	४६५८०३६७१/-

आर्थिक बर्ष २०७२/७३ को कूल वजेट तथा कूल खर्च देहाय अनुसार रहेको छ ।

बजेट उपशिर्षक	वजेट शिर्षक	कूल बार्षिक बजेट	पौष मसान्त सम्मको खर्च
संस्थागत सुदृढिकरण २०६१०१३/१४	पुँजिगत	२६२४८६०००/-	८४०४९०००/-
	चालु	२०२७७५०००/-	८५३१०००/-

हाल सम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कुनै बेरुजु नभएको अवस्था छ।

ड. तोकिए बमोजिमका अन्य विवरण :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट चालु आ.ब.मा प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु

- सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको आयोगको आ.ब. २०७१/७२ को बार्षिक प्रतिवेदन ।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगको रणनीति सन् २०१४-२०१९ ।
- स्मारिका २०७२ ।
- बुलेटिन ।
- भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बहुआयामिकता ।

ढ. अघिल्लो आ.ब.मा सञ्चालन भएका कार्यक्रमहरुको विवरण :-

सामुदायिक शिक्षा कार्यक्रम

बैदेशिक तालिम तथा अवलोकन भ्रमण

कानुनमा सुधारका लागी अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य

भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अन्तर्क्रिया तथा छलफल

भ्रष्टाचार विरुद्ध अन्तराष्ट्रिय दिवस

अनुसन्धानका लागी आधारभुत तालिम कार्यक्रम

आयोगको स्थापना दिवस

ण. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वेभसाईट **www.ciaa.gov.np** रहेको छ । उक्त वेभसाईटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन, सांगठनिक संरचना, आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरुको विवरण, ऐन कानुन, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचिकृत गरीएको छ । यसका अलावा अनलाईन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्था समेत मिलाईएको छ । आयोगको सामाजिक सञ्जाल फेसवुक मार्फत समेत आयोगले आफ्ना दैनिक काम कारवाहीको जानकारी गराउदै आएको छ ।२०७२ माघ महिना देखी आयोगको हटलाइन १०७ मार्फत उजुरी गुनासाहरु सम्प्रेषण गर्न सकिने व्यवस्था मिलाईएको छ ।यसका साथै आयोगको मोवाइल एप्लिकेशन FAC-CIAA समेतबाट उजुरी तथा गुनासाहरु सजिलैसगँ आयोगमा संप्रेषण गर्न सकिने व्यवस्था गरिएको छ ।

त. बैदेशिक सहायता,ऋण, अनुदान एवं प्राविधिक सहयोगको विवरण :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हाल सम्म कुनै प्रत्यक्ष बैदेशिक सहायता तथा ऋण सहयोग नलिएको ।

थ. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :-

भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.ब.२०७१/७२ मा गरेका कार्यहरुको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष मिति २०७२ माघ २१ मा पेश गरेको छ ।

द. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :-

सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ को अनुसूची १देखी अनुसूची ५ सम्मको व्यवस्था अनुसार कागजात धुल्याउने तथा संरक्षण गर्ने गरीएको छ ।

ध. सूचनाको हक अन्तर्गत सूचना माग भएको विवरण :-

मिति २०७२/४/१ देखि मिति २०७२/१०/२९ सम्मको अवधिमा सूचना माग गर्ने ६ जना महानुभावहरुको हकमा सूचना उपलब्ध गराईएको र यसको जानकारी राष्ट्रिय सूचना आयोगलाई दिइएको छ ।

न. विविध :-

आयोगका गतिविधिहरुका सम्बन्धमा थप जानकारी तथा सुचनाहरु आयोगको वेभसाईट www.ciaa.gov.np तथा आयोगको फेसबुक पेजबाट समेत प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको छ ।

२०७२।११।१०
(केशव प्रसाद घिमिरे)
उप-सचिव एवं सूचना अधिकारी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सङ्गठन तालिका

अनुसूची १